नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडका हेम्जा शाखा, मटिहानी शाखा, दिक्तेल शाखा, बिजुवार शाखा, चामे मनाङ्ग शाखा र लाजिम्पाट शाखामा सिभिल र इलेक्ट्रिकल कार्य गर्नको लागी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०७/०४)**

नेपाल बैंक लिमिटेडको कास्की जिल्ला स्थित हेम्जा शाखा, महोत्तरी जिल्ला स्थित मटिहानी शाखा, खोटाङ्ग जिल्ला स्थित दिक्तेल शाखा प्युठान जिल्ला स्थित बिजुवार शाखा, चामे मनाङ्ग जिल्ला स्थित चामे मनाङ्ग शाखा स्थापनाको लागि लिईएको नँया भाडाको भवनमा शाखा संचालनको लागी काउण्टर, आल्मुनियम पर्टिशन, आल्मुनियम ढोकाहरु, हेल्पडेस्क, फलामे केज आदि निर्माण साथै फल्स् सिलिङ्ग, रंगरोगन, लगायतका सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्न र काठमाडौं जिल्ला का.म.न.पा. स्थित लाजिम्पाट शाखाको हाल भैरहेको भवनमा ले-आउट परिवर्तन गरि मर्मत संभार आदि निर्माण साथै फल्स् सिलिङ्ग, रंगरोगन, लगायतका सिभिल तथा AC, CCTV सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ। यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००१ वा हेम्जा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय, पोखरामा, मटिहानी शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा, दिक्तेल शाखाको लागि प्र.का. सामान्य सेवा विभागमा, बिजुवार शाखाको लागि बिजुवार शाखामा, मनाङ्ग शाखाको लागि चामे मनाङ्ग शाखामा र लाजिम्पाट शाखाको लागि लाजिम्पाट शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा हेम्जा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय, पोखराबाट, मटिहानी शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखाबाट, दिक्तेल शाखाको लागि प्र.का. सामान्य सेवा विभागबाट, बिजुवार शाखाको लागि बिजुवार शाखाबाट, चामे मनाङ्ग शाखाको लागि चामे मनाङ्ग शाखाबाट र लाजिम्पाट शाखाको लागि लाजिम्पाट शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा र हेम्जा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय, पोखरामा, मटिहानी शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा, दिक्तेल शाखाको लागि प्र.का. सामान्य सेवा विभागमा, बिजुवार शाखाको लागि बिजुवार शाखामा, चामे मनाङ्ग शाखाको लागि चामे मनाङ्ग शाखामा र लाजिम्पाट शाखाको लागि लाजिम्पाट शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित धरौटी वापत यस बैंकको दिक्तेल शाखाको लागिको लागि काठमाडौ बैकिङ्ग अफिसको लागि खाता नं ००२००१०६७११२८००००००१मा र हेम्जा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय, पोखरामा, मटिहानी शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा, बिजुवार शाखाको लागि बिजुवार शाखामा, चामे मनाङ्ग शाखाको लागि चामे मनाङ्ग शाखामा र लाजिम्पाट शाखाको लागि लाजिम्पाट शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य "क"वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ। बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तीम मितिले ९० दिनको हुनेछ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ।

बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०८/०३ गते मंगलबार कार्यालय समय भित्र।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०८/०४ गते बुधवार बिहान ११:०० बजे भित्र।

बोलपत्र दाखिला गर्ने स्थान :- दिक्तेल शाखाको लागिको लागि प्र.का.सामान्य सेवा विभागमा, हेम्जा शाखाको लागि गण्डकी प्रादेशिक कार्यालय, पोखरामा, मटिहानी शाखाको लागि ज.चु.का.कम्पाउण्ड शाखामा, बिजुवार शाखाको लागि बिजुवार शाखामा, चामे मनाङ्ग शाखाको लागि चामे मनाङ्ग शाखामा र लाजिम्पाट शाखाको लागि लाजिम्पाट शाखामा बोलपत्र दाखिला गर्नु पर्नेछ।

६) थप विवरण :-

| कार्यालय/ शाखा | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने मिति, स्थान र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| **हेम्जा** | ४५ दिन | रु.७६,०००/- (अक्षरेपी छयाहत्तर हजार मात्रा), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग वा गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरा । | ने.बै.लि. गण्डकी प्रादेशिक कार्यालय प्रदेश नं ४ पोखरा । २०७६/०८/०४गते बुधवार दिउसो १२:३० बजे | रु.३०,२६,८१५/- (अक्षरेपी तिस लाख छब्बीस हजार आठ सय पन्ध्र मात्र। |
| **मटिहानी** | ४५ दिन | रु.८५,०००/- (अक्षरेपी पचासी हजार मात्रा), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र ज.चु.का.कम्पाउण्ड शाखा । | ने.बै.लि. ज.चु.का.कम्पाउण्ड शाखा । २०७६/०८/०४गते बुधवारदिउसो १२:३० बजे | रु.३३,७२,७००/६० (अक्षरेपी तेतिस लाख बहत्तर हजार सात सय र पैसा साठी मात्र ।) |
| **दिक्तेल** | ४५ दिन | रु.८६,०००/- (अक्षरेपी छयासी हजार मात्रा), | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग । | ने.बै.लि. प्र.का.सामान्य सेवा विभाग । २०७६/०८/०४गते बुधवार दिउसो १२:३० बजे | रु.३४,३२,३६४/३८ (अक्षरेपी चौतिस लाख बत्तीस हजार तीन सय चौसठ्ठी र पैसा अड्तिस मात्र ।) |
| **बिजुवार** | ४५ दिन | रु.६७,०००/- (अक्षरेपी सतसठ्ठी हजार मात्रा) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र बिजुवार शाखा । | ने.बै.लि. बिजुवार शाखा । २०७६/०८/०४गते बुधवार दिउसो १२:३० बजे | रु.२६,७९,८४८/६० (अक्षरेपी छब्बीस लाख उनासी हजार आठ सय अड्चालिस र पैसा साठी मात्र ।) |
| **चामे मनाङ्ग** | ४५ दिन | रु.७५,०००/- (अक्षरेपी पचहत्तर हजार मात्रा) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र चामे मनाङ्ग शाखा । | ने.बै.लि. चामे मनाङ्ग शाखा । २०७६/०८/०४गते बुधवार दिउसो १२:३० बजे | रु.२९,७४,२०९/२५ (अक्षरेपी उनानतिस लाख चौहत्तर हजार दुई सय नौ र पैसा पच्चीस मात्र ।) |
| **लाजिम्पाट** | ६० दिन | रु.९४,०००/- (अक्षरेपी चौरानब्बे हजार मात्रा) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग र लाजिम्पाट शाखा । | ने.बै.लि. लाजिम्पाट शाखा। २०७६/०८/०४गते बुधवार दिउसो १२:३० बजे | रु.३७,३५,१६७/७२ (अक्षरेपी सैतिस लाख पैतिस हजार एक सय सतसठ्ठी र पैसा बहत्तर मात्र ।) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**